दर्ता नं. १५२ (९४६) ०५४/५५
Reg No. 152 (946) 054/55

पान नं. : ३०२८२४६१८
PAN No.302824618

"आर्थिक विकासका लागि सहकारी"

इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि.
बुटवल उपमहानगरपालिका-८, धर्मपथ, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
INDRENI MULTIPURPOSE CO-OPERATIVE LTD.
Butwal Sub-Metropolitan City-8, Dharmapath, Rupandehi, Lumbini Province, Nepal

Ref:
च.नं.: ८२/०८१/८२

Date :
मिति : २०८१/०५/२६

श्रीमान/श्रीमती/सुश्री शेयर सदस्य ज्यू,

विषय :- साधारण सभामा उपस्थित भइदिनुहुन ।

महोदय,

यस संस्थाको संचालक समितिको मिति २०८१/०५/१३ गतेको पूर्ण बैठकको निर्णय अनुसार संस्थाको २६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम हुने मिति, समय र स्थान**

मिति : २०८१ आश्विन १९ गते शनिबार
समय : बिहानको ११:०० बजे बाट
स्थान : संस्थाको भवन प्राङ्गण बुटवल-८, सुख्खानगर, धर्मपथ, रुपन्देही

**छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रमको छलफल र अनुमोदन सम्वन्धमा :
२. आ.व ०८०/८१ को बासलात आय-व्यय तथा लेखापरिक्षण सहितको कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा आ.व ०८१/८२ को अनुमानित बजेट छलफल र अनुमोदन सम्वन्धमा :
३. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकज्यूको प्रतिवेदनमा छलफल र अनुमोदन सम्वन्धमा :
४. आ.व ०८०/८१ को शेयर लाभांश र संरक्षित पूंजी फिर्ताकोष वितरण गर्ने सम्वन्धमा :
५. संस्थाको विनियम पुनर्लेखन सम्वन्धमा :
६. आ.व ०८१/८२ को लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा :
७. साधारण सभाको माइन्यूटमा हस्ताक्षर गर्न शेयर सदस्यज्यूहरुको तर्फवाट प्रतिनिधि छनौट सम्वन्धमा :
८. रिक्त २ जना संचालक सदस्यको निर्वाचन सम्वन्धमा :
९. विविध :

(नोटः संस्थाको वार्षिक प्रतिवेदन २०८१/०६/१० गते देखि र साधारण सभाको उपस्थिति र यातायात खर्च २०८१/०६/१५ गते देखि संस्थाको कार्यालयबाट वितरण गरिनेछ । साथै संस्थामा रहेको सुझाव पुस्तिकामा आफ्नो रचनात्मक सुझाव राखिदिनुहुन समेत अनुरोध छ ।)

कृष्ण प्रसाद अर्याल
(अध्यक्ष)

indrenibssl@gmail.com
www.indrenisahakari.org.np
071-535606, 531926, 536648, 591926
Indreni Multipurpose Cooperative Ltd

# इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि.

**बुटवल-८, रुपन्देही**

## २६औं वार्षिक साधारण सभामा अध्यक्षद्वारा प्रस्तुत संस्थाको प्रतिवेदन-२०८१

संस्थाको २६औं वार्षिक साधारण सभामा हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनुहुने आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, संस्थापक अध्यक्षज्यू र संरक्षकज्यूहरु, पूर्व अध्यक्षज्यूहरु तथा निवर्तमान अध्यक्षज्यू, अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, संचालक समितिका उपाध्यक्ष, पदाधिकारी तथा सदस्यज्यूहरु, मूल्याङ्कन उप-समिति, सहकारी शिक्षा तथा तालिम उप-समिति, ऋण लगानी असुली उप-समिति, लघुवित्त तथा लघुउद्यम ऋण लगानी/असुली उप-समिति, बहुउद्देश्य उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, पत्रकार, शेयर सदस्यज्यूहरु, व्यवस्थापक, कर्मचारीहरु सहित आमन्त्रित विशिष्ठ महानुभावहरु सबैमा संस्था र मेरो तर्फबाट स्वागत सहित नमन गर्दछु। संस्थाको स्थापना गर्ने संस्थापकज्यूहरु प्रति आभार प्रकट गर्दै स्थापनाकालदेखि हालसम्म दिवंगत हुनु भएका शेयर सदस्यज्यूहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

**यस आ.व.मा दिवंगत हुनु भएका शेयर सदस्यज्यूहरु**

| | |
|---|---|
| १. श्याम प्रसाद श्रेष्ठ | बुटवल ७ |
| २.जानकी तामाङ्ग | बुटवल ८ |
| ३. मनरुपा रजाली | बुटवल ८ |
| ४. सुरेन्द्रमुनी शाक्य | बुटवल ४ |
| ५.वृष बहादुर शाक्य | बुटवल ८ |

"**एकका लागि सबै र सबैका लागि एक**" भन्ने सिद्धान्तबाट प्रेरित भई व्यक्ति, परिवार समाज समग्र राष्ट्रको आर्थिक विकास गर्ने अभिप्रायका साथ छरिएर रहेको पूँजीलाई एकत्रीत गरी वित्तीय पहुँच नपुगेकालाई पहुँचमा पुऱ्याउने र शेयर सदस्यहरुको आर्थिक एवम सामाजिक विकासमा महत्वपूर्ण योगदान पुगोस भन्ने अभिप्रायका साथ गठित यस सहकारी संस्थाले के कति आफ्नो उद्देश्यमा सफलता प्राप्त गऱ्यो सोको मूल्याङ्कन अग्रज व्यक्तित्व तथा शेयर सदस्यज्यूहरुबाट

नै हुनेछ।

विश्वमा सहकारी स्थापना भएको १८० वर्ष पूरा भएको छ भने नेपालमा सहकारी स्थापना भएको करिब ७० वर्ष पूरा हुन लागेको छ। हाम्रो संस्था २०५२ चैत्रमा स्थापना भई १५१ जना शेयर सदस्यबाट कारोबार सुरु भएकोमा २०५५ सालमा विधिवत दर्ता भई संचालनमा आएको यस संस्थाले आफ्नो स्थापनाको आधिकारिकताको समेत रजत महोत्सव सम्पन्न गरिसकेको छ। हाल देशभर ३०,००० भन्दा बढी सहकारी संस्थाहरु संचालनमा रहेको अवस्थामा नियमनकारी निकायबाट प्रभावकारी अनुगमन हुन नसक्नु एवं ऐन नियमलाई वेवास्था गरी उद्देश्य भन्दा बाहिर गई मनोमानी ढङ्गले संचालन गरी कारोबार गर्ने संस्थाहरुको संख्या झिनो रुपमा रहेको छ। यिनै झिनो संख्यामा रहेका सहकारीहरुले आफ्नो स्वार्थका लागि गैर कानूनी रुपमा वित्तीय क्रियाकलाप सञ्चालन गरी आ-आफ्नो अस्तित्व गुमाएको अवस्था सँग जोडी सिङ्गो सहकारी अभियान माथी नै प्रहार हुनु दुःख लाग्ने कुरा हो। तसर्थ यो अवस्थालाई राज्यले विशेष ध्यान दिई ऐन कानूनको पूर्णरुपमा कार्यान्वयन गर्दै गलत ढङ्गले कार्य गर्नेलाई दण्डित गरी सहकारीको सञ्चालन गर्नु आजको आवश्यकता हो भन्ने महसुस भएको छ।

"**सहकारीमा सुशासन : प्रविधि र एकिकरण**" को नारा अंगिकार गर्दै २९औं वर्षको इतिहास बोकेको यस संस्थाले हालसम्म विभिन्न ऐन, नियम, विनियम, नीति, विधि एवं प्रविधिलाई पछ्याउँदै सहकारीको व्यवसायिक क्रियाकलाप अगाडि बढाएको छ भने अर्को तर्फ चुस्त र दुरुस्त रुपमा पारदर्शी हिसाबले कारोबार गरिरहेको छ। सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्ने सदस्यमूखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न हाम्रो सञ्चालक समिति लागी परेको कुरा जानकारी गराउँदछु। यसबाट संस्थाको साथै सञ्चालक समितिको छवि उच्च हुन गई संस्थाको भविष्य उज्ज्वल हुने आशा लिइएको छ।

हाम्रो सहकारीको दायरा वित्तीय क्षेत्रमा मात्र सिमित नभई राज्यले पहिचान गरेका सहकारी व्यवसायिक क्षेत्रमा समेत भूमिका बढाउन जरुरी ठानेका छौं।

विश्वका विकसित पूँजिवादी देशहरुको इतिहास हेर्‍यौं भने उनिहरुले सामन्तवादबाट पूँजिवादी विकासको चरणमा सहकारी प्रणालीलाई अपनाएर आफ्नो अर्थतन्त्रको विकास गरेको धेरै उदाहरणहरु हाम्रो सामु छर्लङ्ग छन्। त्यसकारण सहकारीलाई आफ्नो उद्देश्य अनुरुप उत्पादन तथा व्यापार व्यवसायमा परिणत गराउँदै लाने आजको आवश्यकता हो।

यस सहकारी संस्थाको गत २०८० पौषको साधारण सभा तथा अधिवेशनबाट निर्वाचित भएका कार्यसमिति सदस्य समेतको टिमबाट निर्वाचित दुईजना सदस्यहरु स्वइच्छाले राजिनामा दिई छोड्नुभएकोमा संस्थालाई काम गर्न गाह्रो महसुस भएको छ। यही साधारण सभाबाट योग्य सक्षम र समय दिन सक्ने शेयर सदस्यहरुबाट दुइजनालाई संचालक समितिमा थप गर्नुपर्ने भएकोले रचनात्मक सुझाव सहित सहयोग गरिदिनुहुन समेत निवेदन गर्दछु।

साथै संस्थामा विगत देखि निरन्तर रुपमा संचालक समितिको विभिन्न पदमा रही सेवा गर्नुहुने निवर्तमान अध्यक्ष श्री ध्रुव कुमार धितालज्यू, कोषाध्यक्ष श्री नर बहादुर श्रीसज्यू, संचालक सदस्य श्री प्रकाश मुडभरीज्यू, श्री धनी आलेज्यू र श्री सिता देवी कार्कीज्यू तथा लेखा सुपरिवेक्षण समितिको संयोजक श्री मोहन प्रसाद भण्डारीज्यू हरु प्रति आभार व्यक्त गर्दै यसै साधारण सभामा सम्मान गर्दछौ।

**संस्थाको पृष्ठभुमी :-**

संस्थाको पृष्ठभुमी हेर्दा संस्था दर्ता हुँदा बहुउद्देश्यीय भएपनि व्यवसाय र उत्पादनमा जोड दिन नसक्दा हामी पछी परेको महसुस भएको छ। संस्थाले २०६९/७० साल देखि बिना धितो समुह जमानीमा लघुउद्यम र लघुवित्त अर्न्तगत गरिएको लगानीमा आज आएर त्यो लगानी १००% भाखा नाघी साँवा ब्याज झण्डै ५ करोड पुगेको छ भने, घर/जग्गा धितो राखी लिनु भएका केही ऋणीहरुलाई ताकेता गर्दा पनि ऋण चुक्ता नगरेको कारण कानूनी प्रकृया अनुसार ६ जना ऋणीहरुको धितो लिलाम प्रकृया बढाइएको छ भने अझै ८-१० जना ऋणीहरुको धितो लिलाम प्रकृया अगाडी बढाउने प्रकृयामा छौं। यसरी हेर्दा यो वर्ष पनि यहाँहरुको सहयोगले ऋण असुली गर्ने वर्षमा परिणत गर्नुपर्ने देखिन्छ।

संस्थालाई बहुउद्देश्यीय परियोजना अर्न्तगत व्यवसायिक रुपमा लैजान उत्प्रेरणा सहित सहयोग गर्नुहुने संस्थापक अध्यक्ष तथा संरक्षक श्री भुपाल कुमार श्रेष्ठज्यू, पूर्व अध्यक्ष श्री शिवलाल रानाज्यू, श्री मित्र बहादुर शाक्यज्यू, निवर्तमान अध्यक्ष श्री ध्रुव कुमार धितालज्यू, सल्लाहकार श्री सुर्य कुमार श्रेष्ठज्यू, पदाधिकारी तथा सञ्चालकज्युहरु, बहुउद्देश्यीय समितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका कर्मचारी, शेयर सदस्यज्यूहरु लगायत सम्पूर्णमा आभार प्रकट गर्दछु।

संस्थाले व्यवसायिक कर्जामा धितो (घर/जग्गा) लगानी गरेको घर/जग्गा मुल्याङ्कन गरी

लिलामी प्रकृया अगाडी बढाउने क्रममा प्राविधिक विज्ञको रुपमा रही सहयोग गर्नुहुने यस संस्थाका शिक्षा समिति सदस्य तथा नेपाल सरकारका पूर्व राष्ट्रसेवक पूर्व लेखा अधिकृत श्री गोविन्द ज्ञवालीले पुऱ्याउनु भएको सहयोगको योगदान प्रति यो सञ्चालक समितिले उच्च मूल्याङ्कनका साथ आभार प्रकट गर्दै आगामी दिनमा पनि यस्तै सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा राखेका छौं ।

**आदरणीय शेयर धनी महानुभावहरु,**

वर्तमान कार्यसमिति निर्वाचित भएर आएको १० महिना मात्र भएको छ भने निर्वाचित भएर आइसकेपछि संस्थाको पहिलो पटक ४ वर्षे रणनीतिक कार्यशाला गोष्ठी सम्पन्न गरी संस्था ४ वर्षमा कहाँ पुग्ने रेखाङ्कन गरी अगाडी बढ्ने प्रयास भएकोमा, सुधार गर्नुपर्ने कुराहरुलाई सुधार गरी असल र कुशल संस्था बनाउने प्रयास गरिएको छ । संस्थाको विनियमको परिधिभित्र रही बहुउद्देश्यीय परियोजना अर्न्तगत सहकारी व्यवसायलाई अगाडी बढाउने क्रममा बहुउद्देश्य उपसमितिको योजना अध्ययन अवलोकन र निर्णय पश्चात संचालक समितिको पूर्ण बैठकको निर्णय र प्राविधिकहरुको परामर्श अनुसार संस्थाको कम्पाउण्ड भित्र आफ्नै खाली जग्गामा २०० के.भी.ए को विद्युत क्षमता भित्र रही मेशिन सप्लायर्सको फिल्ड भिजिट गराई एकै पटकमा ७ वटा विद्युतीय गाडी चार्ज गर्न मिल्ने गरी संस्थाको पूँजीकोषको रकमबाट करिब १ करोड लगानीमा (जमिन सहित) विद्युतीय चार्जिङ्ग स्टेशन सुरु गरिएको छ। उक्त व्यवसायले संस्थाको हाल सम्म प्रयोग नभएको खाली जग्गा र खाली भवनलाई सदुपयोग गरी मासिक आय आर्जनलाई सहयोग पुगेको छ। जस मध्ये घर भाडाबाट २८,०००/- र गाडी चार्जिङ्ग स्टेशन गरी करिब मासिक ३ लाख आयआर्जन बढेको कुरा जानकारी गराउँदछु। यो परियोजना संचालन गर्नको लागि आवश्यक पर्ने विद्युत टान्सर्फमर लाइन समयमै सरल र सहज तरिकाले जडान गरी सहयोग गर्नुहुने नेपाल विद्युत प्राधिकरण, बुटवल वितरण शाखा र अनुमति लाइसेन्स प्रदान गर्नुहुने नेपाल विद्युत प्राधिकरण, केन्द्रिय कार्यालय काठमाण्डौलाई धन्यवाद दिन चाहन्छु।

संस्थाको संचालक तथा लेखा सुपरिवेक्षण समिति संयोजक एवं सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु तथा विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु र कर्मचारीलाई समेटेर मिति २०८०/१२/२३ देखि मिति २०८०/१२/२५ गते सम्म ३ दिने "रणनीतिक व्यवसायिक योजना तर्जुमा तालिम" र मिति २०८१/०३/१८ गतेका दिन सहकारीको आफ्नै भवन हलमा १

दिने "सहकारी व्यवस्थापनमा क्षमता अभिवृद्धि तालिम" सम्पन्न गरिएको र बेला बेलामा विभिन्न सहकारी संघहरुले संचालन गरेका विषयगत तालिमहरुमा आवश्यकता अनुसार संचालक, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरुलाई तालिममा सहभागी गराई रहेको कुरा जानकारी गराउँदै यस कार्यलाई निरन्तरता दिइदै जाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**यस वर्ष संस्थाको तर्फबाट भाग लिएका सहकारी सम्बन्धी तालिमहरु :**

१. जिल्ला सहकारी संघले आयोजना गरेको "लेखा सुपरिवेक्षण समितिको क्षमता विकास १ दिने तालिममा" (मिति २०८०/१०/१० गते) - भाग लिने संस्थाका लेखा सुपरिवेक्षण समिति संयोजक श्री लुंजलाल शाक्य

२. प्रदेश बचत तथा ऋण सहकारी संघले आयोजना गरेको "सहकारीमा वित्तीय जोखिम मापन र व्यवस्थापनका रणनीतिहरु" विषयक ३ दिने तालिममा (मिति २०८०/११/१२ देखि २०८०/११/१५) - भाग लिने संस्थाका कोषाध्यक्ष श्री कृष्ण प्रसाद अर्याल र संस्थाका कर्मचारी श्री विक्रम पौडेल

३. जिल्ला सहकारी संघले आयोजना गरेको "धितो मूल्याङ्कन, ऋण लगानी र असुली सम्बन्धी ३ दिने तालिममा" (मिति २०८०/११/२२ देखि २०८०/११/२४ गते) - भाग लिने संस्थाका उपाध्यक्ष श्री माया गौतम

४. सहकारी प्रशिक्षालय बाँकेले आयोजना गरेको "लेखा व्यवस्थापन सम्बन्धी ६ दिने तालिममा" (मिति २०८१/०१/०७ देखि २०८१/०१/१२ गते) - भाग लिने संस्थाका कर्मचारी श्री विक्रम पौडेल

५. जिल्ला सहकारी संघ लि. रुपन्देहीले आयोजना गरेको "नगद कारोबार सम्बन्धी कर्मचारीको क्षमता विकास सम्बन्धी १ दिने तालिममा" (मिति २०८१/०१/२९ गते) - भाग लिने संस्थाका कर्मचारी श्री पुरुषोत्तम ढकाल

६. सहकारी प्रशिक्षालय बाँकेले आयोजना गरेको "लेखा व्यवस्थापन सम्बन्धी ६ दिने तालिममा" (मिति २०८१/०२/१२ देखि २०८१/०२/१७ गते) - भाग लिने संस्थाका कर्मचारी श्री पुरुषोत्तम ढकाल

यस संस्थाले रु.२५ लाखको शेयर लगानी गरेको "लुम्बिनी विशिष्टिकृत सहकारी संघ लि.", ति.न.पा ६, रुपन्देहीको नाममा रहेको धितो/चलअचल सम्पत्ती र संचालक समितिहरुको

व्यक्तिगत धन जमानीमा रुपन्देहीका सहकारीहरु लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. बुटवल ४, टुगा आस्था विकास बचत तथा ऋण सहकारी संस्था लि. ओमसतिया १ र इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि. बुटवल ८ गरी ३ वटा सहकारी संस्थाहरुको संचालक समितिको पूर्ण बैठकको निर्णय अनुसार संस्थाको पूँजीकोषको रकमबाट चालु पूँजीवापत माग भएको तीन वर्षभित्र भूक्तानी हुनेगरि १/१ करोड संस्थागत कर्जा लगानी गरिएको कुरा यो साधारण सभामा जानकारी गराउँदछु।

**शेयर धनि महानुभावहरु,**

कोरोना कहार पछी विश्व अर्थतन्त्र नै ओरालो लागेको बेलामा हाम्रो सहकारी पनि अछुतो रहन सकेन र २०७० साल देखिको संस्थाको लगानी थपिदै आउने र शेयर सदस्यहरुले धितो राखी आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि लिएको ऋणको समेत भाखा नाघेकोमा संस्थाले विगत वर्ष देखि नै भाखा नाघेको ऋण असुलीको लागि प्रयास गर्दा पनि अटेर गरी ऋण चुक्ता नगर्नु भएको हुँदा संस्था बाध्य भएर केही शेयरधनिहरुको चलअचल सम्पत्ती लिलाम बिक्री गरी हिसाब किताब मिलान गर्दै खराब कर्जालाई घटाउने प्रकृयामा यो समिति लागेको कुरा यो साधारण सभामा जानकारी गराउँदछु।

यसरी माथिका कार्यहरुले गर्दा संस्थाले यस वर्ष उल्लेखनिय नाफा कमाउन नसकेको व्यहोरा यहाँहरुले मनन गर्नु भयो होला, यसमा धैर्य रहनुहोला हामीले कारोबारबाट आर्जित नाफालाई सहकारी ऐन, नियम र विधी अनुसार सबै कोषमा नियमानुसार विभाजन गरी राखेका छौं। अब १/२ वर्षसम्म कोषहरुको रकम बढाउने र पूंजी कोषको आधारमा सहकारी व्यवसाय अगाडी बढाउने प्रयास गरेका छौं। यसरी हेर्दा यो संस्था राम्रो छ किनकी यसले व्यवसाय गर्न थालिसकेको छ भने असुली प्रकृयालाई कडाइका साथ अगाडी बढाएको छ, सदस्यहरु आउने जाने क्रमलाई सरलीकरण गरिएको छ।

सहकारी क्षेत्रमा देखिएका वेथितीलाई नियन्त्रण गर्न तथा सहकारी ऐन २०४८ मा देखिएका कमि कमजोरीलाई व्यवस्थित गर्न सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ कार्यान्वयनमा ल्याएको छ। हाल सहकारीमा तिव्र रुपमा बढ्दै गइरहेको वेतिथिलाई निरुत्साहित गरी सहकारी संस्थाको गुणस्तरमा सुधार ल्याई सुशासन कायम गर्न नियमनकारी निकायको भूमीका स्पष्ट किटान गरी सहकारी सम्बन्धी संघीय र प्रदेश ऐन

नियमावली मापदण्डमा एकरुपता हुनुपर्नेमा त्यसो नहुँदा सहकारी अभियानमा समेत नकारात्मक प्रभाव परेको देखिन्छ।

यस संस्थाको विकास एवं विस्तार गर्न नेतृत्वमा रही कुशल नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु। यसैगरी संस्थालाई यहाँसम्म पुऱ्याउनका लागि हाल सम्म अटल विश्वास सहित साथ दिनुहुने आदरणीय शेयरधनी सदस्यहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

सहकारी व्यवसायलाई मर्यादित रुपमा संचालन गर्नको लागि हामीले हाम्रो कारोबारको जानकारी पारदर्शीरुपमा शेयर सदस्यहरुलाई उपलब्ध गराउने गरेका छौं। यसकार्यको जानकारी संस्थाको सुचना पार्टी, सामाजिक संजाल Facebook, Website र वडा पत्रमा उल्लेख गरिएको छ।

संस्थाले आ.व.२०८०/८१ को अषाढ मसान्त सम्म महिला शेयर सदस्य १३४६ र पुरुष शेयर सदस्य ७०० गरि जम्मा २०४६ जना शेयर सदस्यहरुबाट संकलन गरेको शेयर रकम रु.१०,५३,२२,४००/- र निक्षेप बचत रकम रु.४१,२५,५९,८९५/७० मध्ये रु.४७,८४,३८,२८२/०५ रकम ६७४ जना महिला शेयर सदस्य र ३७१ जना पुरुष शेयर सदस्य गरी जम्मा १०४७ जना शेयर सदस्यहरुलाई विभिन्न शिर्षकमा ऋण लगानी गरेको छ।

**संस्थामा हाल कार्यान्वयनमा रहेका कार्यक्रमहरु**

१. शेयर सदस्यका छोरा छोरी मध्ये १०+२ माध्यमिक तहमा न्यूनतम GPA 3.6 भन्दा बढी अंक ल्याई उत्तिर्ण हुनुहुने मध्येबाट छनौट गरी बढी अंक GPA ल्याउने १ छात्र/१ छात्रालाई पुरस्कृत गरिएको र चिकित्सा शासत्र (मेडिकल) र इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर र अन्य विषयमा विद्यावारिधि (पी.एचडी) गर्ने स्वयं शेयर सदस्य र निजको एकाघर परिवारका सदस्यहरुलाई सम्मान गर्ने गरिएको छ।

२. संस्थाले सहकारी शिक्षा, संभाव्यता अध्ययन, शिपमुलक तालिम, कार्यशाला गोष्ठी, कर्मचारी दक्षता अभिवृद्धि तालिम संचालन आवश्यकता अनुसार गर्दै आएका छौं।

३. यस वर्ष पनि दुर्घटना वीमा प्रति शेयर सदस्य रु .३ लाख र प्रति कर्मचारी रु. ६ लाख गरिएको छ।

४. सहकारी ऐन तथा मापदण्ड अनुसार आ.व. २०८०/८१ मा आर्जित नाफाबाट संरक्षित

पूँजीकोषमा छुट्टयाएको रकम शेयर सदस्यहरुको कारोबारको आधारमा प्रदान गरिएको छ। साथै यो सुविधा प्राप्त गर्न शेयर सदस्यहरुले आर्थिक अनुशासन पालन गरेको हुनुपर्नेछ।

५. संस्थामा नियमित बचत गर्ने शेयर धनी महानुभावहरु मध्ये रु. १० लाख भन्दा बढी बचत र रु. ३ लाख शेयर रकम जम्मा गर्नुहुने सदस्यहरुलाई साधारण सभामा सम्मान गरिदै आएको छ। यसमा शेयर धनी महानुभावहरुले आर्थिक अनुशासन पालन गरेको हुनुपर्नेछ।

६. कृषि तथा व्यावसायिक कार्ययोजनाको लागि अडिट रिर्पोट र कर चुक्ता प्रमाण पत्र सहित ऋण माग गर्ने उद्योगी व्यवसायी शेयर सदस्यज्यूहरुलाई ०.५०% ब्याज छुट गरी आयस्रोतको आधारामा ऋण लगानी गर्ने गरिएको छ।

७. नियमित मासिक बचत बाट प्राप्त ब्याज मध्येको ७०% रकम सदस्यहरुलाई विजया दशमीका अवसरमा दिँदै आएकोमा आगामी वर्ष पनि घटस्थापनाको १५ दिन अगाडि देखि वितरण गरिने छ।

८. महिला शेयर सदस्यहरुलाई उपलब्ध गराउँदै आएको प्रसुति पोषण कार्यक्रमलाई निरन्तरता दिईएको छ र यो सुविधा आर्थिक अनुशासन पालन गरेका र शेयर सदस्य बनेको तिन वर्ष पुरा भएका शेयर सदस्यहरुलाई रु.२,०००/- प्रदान गरिएको छ।

**यस साधारण सभा सम्म प्रसुती पोषण सुविधा प्राप्त गर्ने सदस्यज्यूहरु**

| | |
|---|---|
| क) मायादेवी रिजाल | बुटवल ७ |
| ख) सुनिता थापा | बुटवल ७ |
| ग) विमला राना श्रीस थापा | बुटवल १३ |
| घ) करुणा अर्याल | बुटवल ८ |

९. शेयर सदस्यहरुको मरणोपरान्त आफ्नो परम्परागत संस्कारको लागि राहत स्वरुप शेयर सदस्यको परिवारजनलाई रु.२५,०००/- उपलब्ध गराउँदै आएका छौं। साथै यो सुविधा नियमित मासिक बचत गरिरहेको र आर्थिक अनुशासन पालन गरेका हितकोषमा आवद्ध सदस्यहरुलाई मात्र प्रदान गरिनुका साथै शेयर सदस्य बनेको तिन वर्ष पुरा भएको हुनुपर्नेछ।

१०. स्थापना दिवसका अवसरमा रक्तदान कार्यक्रम सहित विविध कार्यक्रम संचालन गरी आएका छौं।

११. जेष्ठ शेयर सदस्य पेन्सन र एकल महिला पेन्सन सुविधा उपलब्ध गराउँदै आएका छौं।

१२.कर्मचारी उपदान कोष, सदस्य हितकोष र जोखिम कर्जा कोषको नियमानुसार व्यवस्थापन गर्दै आएका छौं ।

**आ.व २०८१/८२ को नीति तथा कार्यक्रम**

हामीले संस्थाको गत आ.व. २०८०/८१ को ऋण लगानी तथा असुली, आम्दानी तथा खर्चको आधारमा आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम, योजना र बजेट तयार गरेका छौं। यसै गरी अनुमानित खर्चका लागि गत आ.व. को वास्तविक मुद्रास्फिर्तिको दरलाई आधार लिई तयार गरिएको छ।

१. नीति, विधि र नवीनतम प्रविधीको उच्चतम प्रयोग गरी सुलभ तथा गुणस्तरीय व्यवसायिक सेवा मार्फत सदस्यहरुलाई उत्पादन मुलक र विक्री वितरण गर्ने व्यवसायमा लगानी गर्दै आत्मनिर्भरताका लागि प्रेरित गरिनेछ।

२. संस्थाले विगतका वर्षमा एक जना महिला र एक जना पुरुष जेष्ठ शेयर सदस्य सम्मान गर्दै आएकोमा यस वर्ष देखि दुई जना महिला र दुई जना पुरुष जेष्ठ शेयर सदस्य सम्मान गरिनेछ। जस अर्न्तगत महिला तर्फ बुटवल ७ निवासी शेयर सदस्य श्री बुद्धिसरा रानाज्यू र बुटवल ८ निवासी शेयर सदस्य श्री देवी घर्ती क्षेत्रीज्यू र पुरुष तर्फ बुटवल ८ निवासी शेयर सदस्य श्री कृष्ण मुरारी खनालज्यू र बुटवल ४ निवासी शेयर सदस्य श्री भद्र प्रसाद गुरुङ्गज्यू लाई सम्मान गरिनेछ।

३. माध्यमिक कक्षा १०+२ मा ३.६७ GPA ल्याउने बुटवल उपमहानगरपालिका वडा नं. ८ निवासी शेयर सदस्य श्री कमल उपाध्यायज्यूको सुपुत्र श्री करुण उपाध्यायलाई पुरस्कृत गरिनेछ र प्राविधिक शिक्षा तर्फ Master of Science in Watershed Management विषयमा स्नातकोत्तर गर्ने शेयर सदस्य श्री उत्तम कुमार धितालज्यूको सुपुत्र श्री अनुभव धितालज्यू, Medical Sciences अर्न्तगत Orthopaedics विषयमा स्नातकोत्तर गर्ने शेयर सदस्य श्री भोजराज पौड्यालज्यूको सुपुत्र श्री इश्वरी पौड्यालज्यू र Anaesthesiology विषयमा स्नातकोत्तर गर्ने शेयर सदस्य श्री भोजराज पौड्यालज्यूको बुहारी श्री मोनिका पनेरु पौड्यालज्यूलाई सम्मान गरिनेछ।

४. महिला शेयर सदस्यहरुलाई उपलब्ध गराउँदै आएको प्रसुति पोषण कार्यक्रमलाई रु. २०००/- दिएकोमा यस आ.व. बाट रु.२,५००/- प्रदान गरिनेछ। साथै यो सुविधा प्राप्त गर्न आर्थिक

अनुशासन पालन गरेका र शेयर सदस्य बनेको तीन वर्ष पुरा भएको हुनुपर्नेछ।

५. संस्थाले आ.व. २०८०/८१ मा आर्जन गरेको नाफा बाँडफाँड बाट प्राप्त नाफा (शेयर बोनस) रकम शेयर सदस्यज्यूहरुको शेयर खातामा जम्मा गरिनेछ।

६. संस्थाले आ.व. २०८१/८२ मा शेयर रकम रु. ६३ लाख र बचत रकम २ करोड थप गर्ने लक्ष्य निर्धारण गरेकोले सदस्यज्यूहरुलाइ शेयर थप गर्न आव्हान गर्दछु। साथै न्यूनतम शेयर ६०,०००/- र बचत १,००,०००/- नहुने शेयर सदस्यज्यूहरुलाई जम्मा गरिदिन आव्हान गर्दछौं। स्वेच्छिक शेयर थप गर्न चाहने सदस्यहरुले अधिकतम शेयर रु. ३,००,०००/- पुऱ्याउन सकिनेछ र शेयरको अनुपातमा बचत दुईगुणा अर्थात रु.६,००,०००/- न्यूनतम रहने प्रावधानलाई यथावत गरिएको छ।

७. सहकारी संस्थाहरुमा समन्वय गरी संस्थाको हितमा काम गर्ने कार्यलाई निरन्तर रुपमा जारी राख्दै सहकारी, सहकारी बिच समन्वय र मर्ज गर्ने व्यवस्थालाई खुल्ला राखिएको छ।

८. गत वर्ष झै यस वर्ष पनि असुलीलाई उच्च प्राथमिकता दिई त्यसको अझ परिणाम मुखी धितो लिलाम प्रकृया अगाडी बढाई असुल उपर गरिने कुरालाई व्यवस्थापन गर्दै लघुवित्त तथा लघुउद्यम ऋणलाई न्यून गर्दै लगिनेछ।

९. संस्थाको आर्थिक कारोबार आधुनिक सफ्ट्वेयर प्रणालीबाट व्यवस्थित गरिनुका साथै संस्थाको मोबाइल बैंकिङ्ग सेवालाई प्रभावकारी बनाई यसको प्रयोगकर्ता वृद्धि गर्नका लागि आवश्यक पहल गरिनेछ।

१०.संस्थाले विगत वर्ष देखी अध्ययन, अवलोकन गरी तयार पारिएका विभिन्न खाले बहुउद्देश्यीय योजनाहरुलाई समय सापेक्ष र संस्थाको आर्थिक अवस्था र बजार अध्ययन पछी आवश्यकताको आधारमा लागु गर्दै लगिने छ।

११.समय सापेक्ष ब्याज परिवर्तन गर्न संचालक समितिलाई अख्तियार प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ।

१२.नेपाल सरकार सहकारी विभाग र प्रदेश सरकारबाट जारी गरिएका निर्देशनहरुलाई पूर्ण पालना गर्ने/गराइनेछ।

१३.संस्थाबाट प्रदान गरिने शेयर सदस्य परिचयपत्र (आइडेन्टी कार्ड) लिन बाकी रहनुहुने शेयर सदस्यहरुले एक प्रति फोटो सहित संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ।

१४.संस्था संचालनमा कम्तीमा चौमासिक अवधी भित्र समिक्षा गर्ने । त्यसको आधारमा योजना संशोधन गर्ने र लक्ष्यहरु वितरण गर्दै समसामयीक तरिकाले सम्पन्न गर्ने, संचालक समितिका पदाधिकारी तथा सदस्यहरु प्रत्येकलाई कार्य (जिम्मेबारी) प्रदान गर्ने नियमित प्रतिवेदन लिने व्यवस्था मिलाउने, विभिन्न उपसमिति, सल्लाहकारज्यूहरुको राय सुझावको आधारमा कार्यहरु प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१५.६७औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा मिति २०८० चैत्र २३, २४, २५ गते संस्थाले आयोजना गरेको रणनीतिक व्यवसायिक योजना तर्जुमा तालिमबाट तयार गरेको ४ वर्षे रणनीतिक योजनालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ साथै २ वर्षमा अद्यावधी गरिनेछ।

१६. संस्था संचालनको लागि अति आवश्यक विभिन्न कार्यविधीहरु तर्जुमा गर्न बाँकी रहेकोले आ.व. ०८१/८२ मा उक्त कार्यको शुरुवात गरिनेछ।

१७.प्रत्येक शेयर धनी सदस्यज्यूहरुले अनिवार्य रुपमा सहकारी ऐन नियमको परिधि भित्र रहेर आर्थिक अनुशासन पालना गर्नु पर्दछ। यस संस्थामा आवद्ध कुनै सदस्यबाट आर्थिक अनुशासनको पालना नगरेको पाइएमा सहकारी ऐन नियम अनुसार चुनिने र चुन्ने अधिकारबाट बन्चित हुने एवं संस्थामा रहेको विभिन्न उपसमितिमा समेत मनोनित गर्न नसकिने व्यहोरा जानकारी गराउँदछौ ।

१८.शेयर सदस्यज्यूहरुको पनि सहभागिता हुनेगरी आवश्यकता अनुसार सहकारी अवलोकन भ्रमण गराइनेछ।

१९.संस्थाको शेयर लगानी रहेको लुम्बिनी विशिष्टिकृत सहकारी संघ रुपन्देहीबाट उत्पादित दुग्धजन्य पदार्थ (दुध, दही, घ्यू, पनिर, आइसक्रिम आदि) का विक्री वितरण गर्ने व्यवस्था आफ्नै भवनबाट सुरुवात गरिनेछ।

२०.संस्थाका शेयर सदस्यज्यूहरुलाई घातक रोग जस्तै (मुटु, क्यान्सर, किड्नी र ब्रेनहेमरेज) लागेमा हस्पिटलको रिर्पोटको आधारमा यस आ.व. बाट राहत स्वरुप संस्थाको नियम अनुसार आर्थिक सहयोग प्रदान गरिनेछ र यो सुविधा एकपटक मात्र उपलब्ध गराइनेछ।

२१.संस्थाका सेयर सदस्य वा एकाघर परिवारका सदस्यहरु शारीरिक रुपमा अशक्त वा अपाङ्ग भएका व्यक्तिहरुलाई आगामी साधारण सभामा सम्मान गरिने कुरा प्रस्ताव गरिएको छ।

२२.संस्थाले धितो सुरक्षण वापत राखेको घर जग्गा लिलाम गर्दा कसैले बोलकबोल नगरी संस्थका नाममा आएको घर जग्गा बिक्री गर्नका लागि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजनाका लागि प्रस्ताव गरिएको छ।

**शेयर सदस्यज्यूहरु,**

सहकारी एक अभियान हो, हामी सबै यस अभियानका सहयात्री हौं । हामी सबै मिलेर जुन उद्देश्यका लागि संस्था स्थापना गरिएको हो सो उद्देश्य प्राप्त गर्न निरन्तर लाग्नु हामी सबैको दायित्व हो । संस्थाले आफ्नो पहिचान सहकारी संस्थाका बीचमा र सामाजिक क्षेत्रमा राख्न सफल भएको छ। हामीले संचालन गर्ने कार्यक्रम अनुकरणीय रहेको छ। त्यसका लागि सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु। संस्थाको अबको बाटो शेयर सदस्यहरुलाई उत्पादनमा जोड्न र संस्था आफै पनि उत्पादनको क्षेत्रमा जान आवश्यक छ। सहकारी ऐनले निर्दिष्ट गरेका कार्य सम्पादन गर्नु हाम्रो दायित्व हो । संस्थालाई आजको स्थीति सम्म ल्याउन सहयोग पुऱ्याउनु हुने संस्थापकज्यूहरु, संरक्षकज्यूहरु, पूर्व अध्यक्षज्यूहरु, संचालक, लेखा सुपरिवेक्षण, मूल्याङ्कन, ऋण लगानी असुली, सहकारी शिक्षा तथा तालिम उपसमिति, लघुवित्त तथा लघुउद्यम र बहुउद्देश्य समितिका संयोजक तथा सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु र कर्मचारीज्यूहरु प्रति धन्यवाद दिँदै निरन्तर सहयोगको अपेक्षा गर्दै सबै आमन्त्रित प्रमुख अतिथी लगायत विशिष्ट महानुभावहरु प्रति हार्दिक आभार धन्यवाद ज्ञापन गर्दछु साथै आज सम्मानित र पुरस्कृत गरिने सबैलाई बधाई ज्ञापन गर्दै पुनः स्वागत तथा अभिवादन गर्दै विदा चाहन्छु ।

धन्यवाद ॥	जय सहकारी ॥	जय इन्द्रेणी ॥

..................

कृष्ण प्रसाद अर्याल

अध्यक्ष

# इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि.

**बुटवल-८, रुपन्देही**

## २६औं वार्षिक साधारण सभामा कोषाध्यक्षद्वारा प्रस्तुत संस्थाको वार्षिक प्रतिवेदन-२०८१

इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि. को २६औं साधारण सभाका श्रद्धेय अध्यक्षज्यू, सम आदरणीय प्रमुख अतिथिज्यू, संरक्षकज्यूहरु, विशिष्ट अतिथिज्यूहरु, सल्लाहकारज्यूहरु, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, संस्थाका शेयर सदस्यज्यूहरु, कर्मचारीज्यूहरु तथा संचारकर्मी मित्रहरु लगाएत उपस्थित सम्पूर्णमा सहकारी अभिवादन टक्रयाउँदछु।

समुदायमा छरिएर रहेको पूँजिलाई एकत्रित गरी बैंक वित्तीय संस्थामा पहुँच नपुग्ने समुदायलाई आवद्ध गराई आर्थिक सामाजिक तथा साँस्कृतिक रुपान्तरणको लागि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको यस इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि. यस क्षेत्रका अग्रज व्यक्तित्वहरुको अगुवाईमा २०५२ सालमा १५१ जना शेयर सदस्यहरुबाट मासिक रु.४००/- बचत संकलन गरी स्थापित यस संस्थाले सफलतापूर्वक स्थापनाको २९ वर्ष पार गरेको छ।

देशको वर्तमान विषम परिस्थितिमा पनि संस्थाले आफ्नो आर्थिक क्रियाकलापलाई निरन्तरता दिदै सदस्य केन्द्रित सेवा प्रदान गर्ने नीति, विधि र प्रविधिमा ध्यान केन्द्रित गरेका छौं । संस्था संचालनको क्रममा सहकारीका नीति, सिद्धान्त, मूल्य मान्यता र आर्दशलाई आत्मसात गर्दै सहकारी अभियान र नियामक निकायहरुको मार्गदर्शनलाई अनुसरण गरेका छौं । आगामी दिनमा सदस्यहरुको माग र चाहना बमोजिम आधुनिक वित्तीय सेवाहरु तथा संस्थागत सुशासन प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

यस संस्थाको वार्षिक प्रतिवेदन र नीति तथा कार्यक्रम अध्यक्षज्यूबाट प्रस्तुत भईसको हुँदा अब म आ.व. २०८०/८१ को आर्थिक विवरण तथा चालु आ.व. २०८१/८२ को प्रस्तावित वार्षिक बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि.

बुटवल-८, रुपन्देही

## आ.व. २०७९/८० र आ.व. २०८०/८१ को सम्पत्ति र दायित्वको तुलनात्मक आर्थिक विवरण

| दयित्वको विवरण | गत आ.व ०७९/८० | यस आ.व. ०८०/८१ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| शेयर हिसाब | १०४,९९७,९००.०० | १०५,३२२,४००.०० | ०.३१ |
| कोष हिसाब | ४८,६९०,९५१.६३ | ५०,८३०,७१९.२७ | ४.३९ |
| निक्षेप हिसाब | ४१०,२५४,९३८.५१ | ४१२,५५९,८९५.७० | ०.५६ |
| वाह्रय ऋण हिसाब | ०.०० | ०.०० | ०.०० |
| धरौटी हिसाब | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी दिनुपर्ने हिसाब | २,२३९,२७९.०९ | २,६६२,३९०.४८ | १८.८९ |
| अन्य दायित्व हिसाब | ४०,७८६,५६१.४७ | ५५,७३७,८२९.६९ | ३६.६६ |
| जम्मा | ६०६,९६९,६३०.७० | ६२७,११३,२३५.१४ | ३.३२ |

| सम्पत्ति विवरण | गत आ.व ०७९/८० | यस आ.व. ०८०/८१ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| नगद हिसाब | १,२४०,८४६.८५ | १,८२६,३८०.०४ | ०.३१ |
| बैंक हिसाब | ८८,३७२,८८९.२४ | १०१,०३५,८४२.२७ | ४.३९ |
| लगानी हिसाब | ४,५३०,०००.०० | ६,०७३,६५४.३७ | ०.५६ |
| लगानीमा रहेको ऋण हिसाब | ४८३,४४४,०९२.७९ | ४७८,४३८,२८२.०५ | ०.०० |
| पाउनुपर्ने हिसाब | १९,३३६,३०९.४५ | २९,६८३,६९७.२० | ०.०० |
| फर्निचर/सवारी साधन हिसाब | १,०६५,६९५.७९ | १,०२२,९५५.९१ | १८.८९ |
| अन्य सम्पत्ति हिसाब | ८,९७९,७९६.५८ | ९,०३२,४२३.३० | ३६.६६ |
| जम्मा | ६०६,९६९,६३०.७० | ६२७,११३,२३५.१४ | ३.३२ |

कृष्ण प्रसाद अर्याल
कोषाध्यक्ष

# आ.ब.२०८०/०८१ को यथार्थ र आ.ब.२०८१/०८२ को अनुमानित बजेट

| आम्दानी तर्फ | | | |
|---|---|---|---|
| शिर्षक | २०८०/०८१ को प्रस्तावित बजेट | २०८०/०८१ को यर्थाथ | २०८१/०८२ को प्रस्तावित बजेट |
| शेयर | ५,०००,०००.०० | ३७३,९००.०० | ६,३००,०००.०० |
| अन्य वाहय ऋण | | | |
| जम्मा | ५,०००,०००.०० | ३७३,९००.०० | ६,३००,०००.०० |
| कर्जा लगानी बाट व्याज आम्दानी | ७१,०००,०००.०० | ५३,२३१,६६५.३९ | ६७,०००,०००.०० |
| अन्य आम्दानी | २००,०००.०० | २१४,९०३.९४ | २००,०००.०० |
| ऋण व्यवस्थापन शुल्क आम्दानी | ३,०००,०००.०० | २,४३१,७०१.०० | ३,०००,०००.०० |
| सदस्य प्रवेश शूल्क आम्दानी | १०,०००.०० | १३,२००.०० | २०,०००.०० |
| घरभाडा आम्दानी | ३९६,०००.०० | १४२,३४५.०० | ३३६,०००.०० |
| बैंक ब्याज आम्दानी | ५,५००,०००.०० | ६,२६२,५३७.१४ | ४,०००,०००.०० |
| विद्युत/पानी बाट आम्दानी | ७५,०००.०० | ६६,९२६.०० | ७५,०००.०० |
| शेयर लाभाशं आम्दानी | ४५०,०००.०० | १८,९८२.९३ | ३००,०००.०० |
| हर्जाना जरिवाना आम्दानी | २००,०००.०० | १,४१५,९४८.७३ | ५००,०००.०० |
| इभी चार्जिङ्ग आम्दानी | ०.०० | ५२४,११९.०० | ६,०००,०००.०० |
| **जम्मा** | ८०,८३१,०००.०० | ६४,३२२,३२९.१३ | ८१,४३१,०००.०० |

बाबुराम अर्याल
व्यवस्थापक

कृष्ण प्रसाद अर्याल
कोषाध्यक्ष

माया गौतम
उपाध्यक्ष

कृष्ण प्रसाद अर्याल
अध्यक्ष

# आ.ब.२०८०/०८१ को यथार्थ र आ.ब.२०८१/०८२ को अनुमानित बजेट

| खर्च तर्फ | | | |
|---|---|---|---|
| शिर्षक | २०८०/०८१ को प्रस्तावित बजेट | २०८०/०८१ को यर्थाथ | २०८१/०८२ को प्रस्तावित बजेट |
| निमार्ण/जग्गा/बहुउद्देश्यीय | ३०,०००,०००.०० | २८१,०४०.०० | २०,०००,०००.०० |
| कम्प्यूटर/फर्निचर/सफ्ट्वयेर | १५०,०००.०० | २६७,११५.०० | १५०,०००.०० |
| जम्मा | ३०,१५०,०००.०० | ५४८,१५५.०० | २०,१५०,०००.०० |
| कर्मचारी पोशाक खर्च | ५०,०००.०० | ४१,५००.०० | ५६,०००.०० |
| तलब भत्ता खर्च | ३,०००,०००.०० | २,७२८,८०२.९८ | ३,२५०,०००.०० |
| लघुवित्त (असुली/यातायात) खर्च | ५००,०००.०० | २६७,८७४.०० | ३००,०००.०० |
| विद्युत र पानी खर्च | ३००,०००.०० | १५१,८९६.२० | ३००,०००.०० |
| मसलन्द खर्च | १५०,०००.०० | १०४,५७४.०० | १५०,०००.०० |
| मर्मत सम्भार खर्च | २००,०००.०० | ८४,१६५.०० | २००,०००.०० |
| निक्षेप बचतमा ब्याज खर्च | ४३,५००,०००.०० | ३६,६०४,९८९.८१ | ४०,०१०,०००.०० |
| विविध खर्च | १६५,०००.०० | १२८,५८९.७० | १००,०००.०० |
| कर्मचारी संचयकोष खर्च | २३०,०००.०० | २१३,०८०.०० | २२५,०००.०० |
| टेलिफोन/ईन्टरनेट/एसएमएस खर्च | २००,०००.०० | १२०,५२३.०७ | २५०,०००.०० |
| विज्ञापन खर्च | १०,०००.०० | ३,०००.०० | १०,०००.०० |
| पत्र पत्रिका/पुस्तक खर्च | २०,०००.०० | १०,५००.०० | १५,०००.०० |
| लेखा परिक्षण शुल्क खर्च | ७५,०००.०० | ७५,०००.०० | ७५,०००.०० |
| बैठक जलपान खर्च | १००,०००.०० | ७७,१६०.०० | १००,०००.०० |
| विमा खर्च | ३००,०००.०० | १८३,६७५.७५ | ३००,०००.०० |
| अतिथि सत्कार खर्च | १००,०००.०० | ६९,८१०.०० | १००,०००.०० |
| ब्याजमा छुट खर्च | १००,०००.०० | ०.०० | १००,०००.०० |
| ऋणमा ब्याज खर्च | १००,०००.०० | ०.०० | ०.०० |
| प्रसुती पोषण खर्च | २०,०००.०० | ६,०००.०० | २०,०००.०० |
| साधारण सभा/अधिवेशन खर्च | ५२५,०००.०० | ४२९,५४२.०० | ५२५,०००.०० |
| इन्धन खर्च | १५०,०००.०० | ६३,६८५.०० | १५०,०००.०० |
| साधारण सभा सदस्य यातायात खर्च | १,६००,०००.०० | १,३४४,०००.०० | १,६००,०००.०० |
| बैठक भत्ता खर्च | ४००,०००.०० | २८२,८००.०० | ४००,०००.०० |
| स्थापना दिवस खर्च | २००,०००.०० | ४९,०४१.०० | १००,०००.०० |
| क्यालेण्डर खर्च | ५०,०००.०० | २७,६६२.०० | ५०,०००.०० |
| अपलेखन (टुट फुट कट्टि) खर्च | ३५,०००.०० | ३१,७४७.१५ | ३५,०००.०० |
| ह्रास कटी खर्च | ६००,०००.०० | ५०६,५२१.०१ | १,५००,०००.०० |
| कर्मचारी उपदान खर्च | ५५०,०००.०० | २००,०००.०० | ४००,०००.०० |
| जोखिम कर्जा व्यवस्था खर्च | ७,२००,०००.०० | ७,१९७,७७०.५९ | ७,५००,०००.०० |
| सफ्ट्वयेर/मो.बैं.नविकरण खर्च | १८०,०००.०० | १७९,९८०.०० | २००,०००.०० |
| सहकारी अध्ययन, अवलोकन भ्रमण खर्च | ४००,०००.०० | ०.०० | ४००,०००.०० |
| इभी चार्जिङ्ग स्टेशन/विद्युत खर्च | ०.०० | २१०,८६०.०० | ३,०००,०००.०० |
| अन्य कर खर्च | ०.०० | ०.०० | १००,०००.०० |
| कर्जा लगानी/असुली यातायात खर्च | ०.०० | ०.०० | १५०,०००.०० |
| संचालक सुविधा (कार्यसमिति) | ०.०० | ०.०० | २४०,०००.०० |
| सरसफाई खर्च | ०.०० | ०.०० | १००,०००.०० |
| जम्मा | ६१,०१०,०००.०० | ५१,३९४,७४९.२६ | ६२,०११,०००.०० |
| नाफा | १९,८२१,०००.०० | १२,९२७,५७९.८७ | १९,४२०,०००.०० |
| जम्मा | ८०,८३१,०००.०० | ६४,३२२,३२९.१३ | ८१,४३१,०००.०० |

| बाबुराम अर्याल<br>व्यवस्थापक | कृष्ण प्रसाद अर्याल<br>कोषाध्यक्ष | माया गौतम<br>उपाध्यक्ष | कृष्ण प्रसाद अर्याल<br>अध्यक्ष |
|---|---|---|---|

**आदरणीय शेयरधनी महानुभावहरु,**

अन्त्यमा, यहाँहरुले प्रदान गर्नुभएको अमूल्य विश्वासका साथ मलाई कोषाध्यक्षको जिम्मेबारी दिनुभएकोमा यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै मेरो आफ्नो क्षमता र अनुभवको आधारमा रही संस्थाको हित हुनेगरी कार्यसम्पादन गर्ने प्रयास गरेको छु। साथै प्रस्तुत आर्थिक विवरणलाई सुक्ष्म रुपमा अध्ययन र छलफल गरी आफूलाई लागेका जिज्ञासा, सूझाव र सल्लाह सहित पारित गरिदिनुहुने नै छ भन्ने पूर्ण विश्वासका साथ उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै यो प्रस्तुतिबाट विदा चाहन्छु।

धन्यबाद ॥ जय सहकारी ॥ जय इन्द्रेणी ॥

........................
कृष्ण प्रसाद अर्याल
कोषाध्यक्ष

# इन्द्रेणी बहुउद्देश्य सहकारी संस्था लि.

**बुटवल-८, रुपन्देही**

## २६औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत संस्थाको वार्षिक प्रतिवेदन-२०८१

### अनुसूची २

**दफा ११(४) संग सम्बन्धित**

**लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत संस्थाको वार्षिक प्रतिवेदन**

यस संस्थाको २६औं वार्षिक साधारण सभाको गरिमामय सभाका आदरणीय अध्यक्षज्यू श्रेद्धय प्रमुख अतिथि ज्यू, संस्थालाई महत्वपूर्ण सुझाव र सल्लाह दिनुहुने सल्लाहकारज्यूहरु तथा पूर्व अध्यक्ष ज्यूहरु, निवर्तमान अध्यक्ष ज्यू, संचालक समितिका पदाधिकारीज्यूहरु, लेखासमितिका सदस्य द्वय ज्यूहरु, विभिन्न समिति तथा उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरु व्यवस्थापक लगायत कर्मचारीमित्रहरु एवम् पत्रकारबन्धुहरु।

यस गरिमामय सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्न उपस्थित हुनु भएका सम्पूर्ण उपस्थित महानुभावहरुमा म यस संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजकको हैसियतले यहाँहरुलाई हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु।

आदरणीय शेयर धनी सदस्य महानुभावज्यूहरु,

हामीलाई यस संस्थाको २५औं साधारण सभा तथा १० औं अधिवेशनबाट मलाई लेखासुपरीवेक्षण समितिमा संयोजक र तिल कुमारी बगाले पाण्डे सदस्य र भिम बहादुर थापा सदस्य हामी तीन जनालाई सर्वसम्मत निर्वाचित गराई लेखासुपरीवेक्षण जस्तो महत्वपूर्ण जिम्मेवारी दिनुभएकोमा यहाँहरु प्रति आभार प्रकट गर्दछौं र हामीलाई दिएको प्राप्त जिम्मेवारीलाई अक्षरंस सक्रियताका साथ ईमान्दारीपूर्वक वहन गरिने प्रतिबद्धता समेत यस साधारण सभामा जाहेर गर्दछु।

स्थानीय पूँजीको परिचालन, सामाजिक एकतामा योगदान र रोजगार तथा स्वरोजगार सृजना गरी आत्मनिर्भर गराउँदै आर्थिक समृद्धिको अभियानमा सहकार्य र सहयात्रीको रुपमा स्थापित यस संस्थालाई यहाँसम्म पुऱ्याउने योगदान दिई भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति आभारी

छौं। साथै मृतक अग्रजहरुको चीरशान्तिको कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछु।

संस्थाको अत्यन्तै महत्वपूर्ण संवेदनशील पाटो आर्थिक अवस्थाको लेखाजोखा सँगसँगै नीतिगत एवम् संस्थागत पक्षको खबरदारीको निम्ति १०औं अधिवेशनबाट हामीलाई सुम्पिनु भएको अभिभारको पालना गर्दै संस्थाको हित एवं संस्थागत सुशासन, आर्थिक सुशासन, साधारण सभाबाट पारित भएका निर्णयहरु संस्थाको विभिन्न नीति, कार्यविधि संचालक समितिको निर्णय सहकारी विभाग एवं सम्बन्धित निकायबाट प्राप्त सुझाव एवं विभिन्न विनियम नियमावली अनुसार संचालन भए नभएको विषयहरुको गहन अध्ययन र विश्लेषण गरी सहकारी ऐन २०७४ तथा नियमावली २०७५ सहकारी मापदण्ड २०६८ को अनूसूची २ दफा ११ (४) को आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

१) **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयन अवस्था**

अघिल्लो साधारण सभाले निर्णय गरेको सम्पूर्ण नीति तथा कार्यक्रमहरु यस अवधि सम्म आइपुग्दा कार्यान्वयन भएको देखिन्छ। देशको प्रतिकुल अर्थतन्त्र अस्थिरताको बाबजुदपनि आफ्नो दक्षता र क्षमताको अधिकतम प्रयोग गरी संस्थाको व्यवसायिक बहुउद्देश्यीय क्षमतालाई थप प्रवर्द्धन गर्ने प्रयास भएको देखिन्छ।

२) **आ.व. २०८०/०८१ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयन अवस्था**

क) कार्यसमितिको बैठक : १५

ख) मुल्याङ्कन अनुगमन समितिको बैठक संख्या : २

ग) लेखासुपरीवेक्षण समितिको बैठक संख्या : ८

घ) संयुक्त समितिको बैठक संख्या : १

ङ) शिक्षा तथा तालिम उपसमिति बैठक संख्या : ४

च) लघुवित्त तथा लघुउद्यम ऋण लगानी/असुली उपसमिति बैठक संख्या : २

च) बहुउद्देश्यीय उप-समिति बैठक संख्या : ३

छ) समस्याग्रस्त कर्जा कार्यदल बैठक संख्या : २

**३) ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धित व्यवस्था**

लघुवित्त समुह जमानी तर्फ २ लाख र लघुउद्यम समुह जमानीमा रु. तीन लाख सम्म ऋण प्रवाह हुने गरेको, लघु उद्यम व्यवसाय दर्ता पत्र अनुसार बढीमा रु तीन लाख ऋण प्रवाह हुने भएता पनि आ.व. २०८०।०८१ मा उक्त शिर्षकमा लगानी रोकी असुलीमा जोड दिएको देखियो, धितो कर्जा तर्फ रु. दश लाख सम्मको ऋण प्रवाहमा ऋण लगानी उपसमितिको मुल्याङ्कन प्रतिवेदन सहित सिफारिसको आधारमा कार्यसमितिले ऋण प्रवाह गर्ने गरेको र रु दश लाख भन्दा माथी जतिसुकै ऋण प्रवाह गर्दा यस संस्थामा आवद्ध सूचिकृत वाह्य प्राविधिकको मुल्याङ्कन र ऋण लगानी उपसमितिको प्रतिवेदन सहित सिफारिसको आधारमा कार्यसमितिबाट ऋण प्रवाह गर्ने गरेको पाइयो ।

**४) सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण**

मापदण्ड अनुसार पालना गरी कार्यान्वयन गरेको पाइयो ।

**५) सहकारी कार्यालय विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन**

- यस आ.व.मा कुनै पनि नियामक निकायबाट निरीक्षण तथा सुपरिवेक्षण भएको देखिएन । तर विगत आ.व.मा लिखित एवं मौखिक सुझावहरु तथा समय समयमा दिइएका सुझावहरुलाई पूर्ण रुपमा पालना भएको देखिन्छ ।
- आन्तरीक लेखापरीक्षणको क्रममा शोधनी भएका कुराहरुको कर्मचारी व्यवस्थापन पक्षबाट स्पष्ट रुपमा जानकारी पाइयो ।
- लेखा सम्बन्धी शिर्षकहरुमा लेखा नीति अर्न्तगत रही कार्य भएको छ ।

**६) पदाधिकारीहरुको पारीश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण**

६.१ संस्थाका अध्यक्षलाई ईन्धन तथा अन्य सुविधा वापत मासिक रु.२०,०००/- नियमानुसार करकट्टी गरी बाकी रकम उपलब्ध गराउने गरिएको ।

६.२ संचालक समितिको बैठकमा बैठक भत्ता वापत रु.१२००/- र समिति उपसमितिको

बैठक भत्ता रु.६००/-, संयुक्त बैठकमा बैठक भत्ता रु.१२००/- र ऋण असुली फिल्डमा जादा यातायात खर्च वापत रु.५००/- नियमानुसार करकट्टी गरी बाकी रकम भत्ता उपलब्ध गराउने गरिएको।

७) **कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरु**

७.१ साधारण सभाबाट पारित कर्मचारी सम्बन्धी नियमावली भएको

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको।

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धा भएको : कार्यदक्षताको आधारमा भर्ना प्रकृया अर्न्तगत खुल्ला विज्ञापन प्रकाशित गरी प्रतिस्पर्धा तरिकाले योग्य व्यक्तिको छनौट गरी नियुक्ती गरेको पाइयो।

७.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको।

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : नेपाल सरकारको स्वामित्व भएको क वर्गको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडबाट सेवा निवृत भएको वित्तीय रुपमा सक्षम, योग्य, दक्ष अनुभवी र परिपक्को कर्मचारी भएको।

७.६ कर्मचारीको भर्ना प्रकृया र संख्या : ७

७.६.१ स्थायी : ६ जना

७.६.२ करार : १ जना (E.V. Charging Operator)

८) **लेखा सुपरिवेक्षण समितिले यस अघि दिएको प्रतिवेदन बमोजिम सुझावहरुको कार्यान्वयनको अवस्था** : कार्यान्वयन भएको, आर्थिक कारोवारको शेयर सदस्यज्यूहरुलाई Mobile Banking, SMS, Alert, Website, Social Media बाट जानकारी दिने गरेको पाइयो।

९) संस्थाको खाली भएको खाली जमिन समेतको समुचित परिचालन गरी ई.भी. चार्जर मेशिन जडान भई २०८१ असार मसान्त सम्म जम्मा ३९ दिनमा रु.३,१३,२५९/- बचत भएको यहाँहरुलाई जानकारी गराइन्छ। यो एउटा संस्थाको लागि शुभ लक्षण देखिएको छ। यसको परिकल्पनाकार सम्बन्धित व्यक्तिहरु सबै प्रति आभारी छु।

**१०) लेखासुपरीवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरण तथा लेखासुपरीवेक्षण समितिको सुझावहरु :**

क) आगामी दिनहरुमा शेयर पूँजीका साथै बचतमा वृद्धि गर्दै लैजाने साथै शेयर सदस्यमा पनि थप वृद्धि गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिने ।

ख) खराब कर्जा भएका र ऋण असुली गर्न गाह्रो भएका ऋणीहरुको पहिचान गरी प्रचलित कानून बमोजिम कारवाही अघि बढाउने ।

ग) ऋण असुलीको लागि लक्ष्य तोकी क्यालेण्डर बनाई ऋण असुलीको लागि कृयाशिल हुनुपर्ने ।

घ) कर्मचारीहरुको कार्यदक्षता बृद्धिको लागि समय समयमा लेखा प्रशासन सहकारी ऐन आयकर ऐन सम्बन्धी तालिमलाई निरन्तरता दिनु पर्ने ।

ङ) संस्थाको आर्थिक कारोवारको शेयर सदस्यहरुलाई विभिन्न सामाजिक सन्जाल, एस.एम.एस. र Website बाट जानकारी दिइ आइरहेकोमा यसलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सम्पूर्ण शेयर सदस्यहरुलाई मोबाईल बैंकिङ्ग सेवामा आवद्ध गराउने र समयमै सम्पूर्ण शेयर सदस्इहरुलाई KYM फारम भर्न अभिप्रेत गर्ने ।

च) संस्थाको आर्थिक कारोवारको शेयर सदस्यहरुलाई जानकारी गराउन कम्तिमा वर्षमा १ पटक साधारण सभा हुनु अगाडी सार्वजनिक सुनुवाई गर्नुपर्ने ।

छ) संस्थाको शेयरपूँजी तथा निक्षेप बृद्धि गर्दै लैजानुका साथै सदस्यहरुको कल्याणको लागि बचत तथा ऋणको अलवा विभिन्न बहुउद्देश्य मुलक कार्यहरुको पहिचान गरी लैजानु पर्ने देखिन्छ ।

ज) सहकारी सम्बन्धी ज्ञान तथा जानकारीको लागि संचालक समिति विभिन्न समिति, उपसमितिका सदस्यज्यूहरुलाई पनि तालिम गोष्ठी, सेमिनार, अर्न्तकृया जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने ।

झ) शेयर सदस्यहरुको संस्थाप्रति विश्वास जर्गेना गर्न मनोबल उच्च राख्न शेयर सदस्यहरुको जन्मदिनको शुभकामना र मृतक हुने शेयर सदस्यहरुको शोक समवेदना मोबाईल एप्सबाट सामाजिक संजाल मार्फत दिने पद्दतीको लागि कार्यान्वयन गर्नुपर्ने ।

## संस्थाको आ.व. २०८०/८१ को वित्तीय स्थिति

### शेयर सदस्य संख्या

**महिला** : १३४६

**पुरुष** : ७००

**जम्मा** : २०४६

| क.सं. | विवरण | रकम |
|---|---|---|
| २) | शेयर पूँजी | १०,५३,२२,४००.०० |
| ३) | निक्षेप (बचत रकम) | ४१,२५,५९,८९५.७० |
| ४) | कोषमा रहेको रकम | ५,०८,३०,७१९.२७ |
| ५) | ऋण लगानीमा रहेको रकम | ४७,८४,३८,२८२.०५ |
| ६) | जोखिम कर्जा कोष व्यवस्था | २,८८,६४,४८०.४७ |
| ७) | जम्मा आम्दानी | ६,४३,२२,३२९.१३ |
| ८) | जम्मा खर्च | ५,१३,९४,७४९.२६ |
| ९) | खुद नाफा | १,२९,२७,५७९.८७ |
| १०) | आयकर कट्टी पछीको नाफा | १,०९,८८,४४२.८९ |
| ११) | ऋण असुली तर्फ | ४३,२६,९५,८१७/७४ |

**नोटः** ऋण लगानी जम्मा ९१,११,३४,०९९/७९ मध्ये असुली तर्फ रु. ४३,२६,९५,८१७/७४ मध्ये बाकी रु. ४७,८४,३८,२८२/०५ असुली प्रतिशत ४७.४९ प्रतिशत (प्रतिकुल अवस्थाको वावजुत पनि असुली प्रतिशत स्वागत योग्य छ। ऋण असुलीमा क्रियाशिल हुने सबै साथीहरुलाई धन्यवाद।

आ.व. ०६९/७० देखि संस्थाले लघुउद्यम तथा लघुवित्त तर्फ कर्जा लगानी गरेकोमा हाल

